लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

स्वीकृत मिति २०८१।०६।०६

प्रस्तावनाः लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट आर्थिक वर्ष २०८१/०८२ मा कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्न लुम्बिनी प्रदेशको विनियोजन ऐन, २०८१ को दफा १० को उपदफा (२) बमोजिम लुम्बिनी प्रदेश, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले यस कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमहरूको लागि स्थानीय तहमा उपलब्ध गराइने सशर्त बजेट वा सञ्चालित कार्यक्रमबाट लाभान्वित भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थाले प्राप्त गर्ने नगद वा वस्तुगत सहायतालाई समेत सम्झनुपर्छ।

(ख) "अनुदानग्राही" भन्नाले स्थानीय तहमा हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्थालाई सम्झनु पर्छ।

(ग) "उपभोक्ता समिति" भन्नाले कृषि विकास सम्बन्धी उद्देश्य भएका, सामुदायिक वन उपभोक्ता, जलउपभोक्ता वा बजार समिति कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको समिति सम्झनु पर्छ।

(घ) "कम्पनी" भन्नाले कृषि/पशुपन्छी उत्पादन/प्रशोधन/बजारीकरण गर्ने गरी प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेख भएका क्रियाकलाप वा कार्यक्रमलाई सम्झनु पर्छ।

(च) "कार्ययोजना" भन्नाले दफा ५ बमोजिमको कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यकता अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्था पेश गरेको वा स्वयम् स्थानीय तह आफैले तयार गरेको कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत क्रियाकलाप, लागत अनुमान, समयावधि, अपेक्षित उपलब्धि र जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(छ) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई साझा आवश्यकता र चाहना भएका व्यक्तिहरू मिलेर सामूहिक विधिद्वारा कृषि क्षेत्रमा काम गर्ने गरी स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ।

(ज) "फर्म" भन्नाले प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भएको निजी क्षेत्रका कृषि व्यवसायी/उद्यमीको संस्थालाई सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) "मातहतका कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, जिल्लास्थित कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयलाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्छ।



२०८१।०६।०६ २०८१।०६।०६ शाखा प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

(ठ) "सशर्त कार्यक्रम" भन्नाले लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा प्राप्त कृषि तथा पशुपन्छी विकास सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्छ।

(ड) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि/पशुपन्छी सम्बन्धी कार्य गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ र सो शब्दले कृषि कार्य समेत गर्ने उद्देश्य रहेको बहुउद्देश्यीय सहकारी संस्था समेतलाई बुझाउँछ।

३. सरोकारवाला निकायहरूको भूमिका: यस कार्यविधि अनुसारका कार्यक्रमहरूको सञ्चालनमा सरोकारवालहरूको भूमिका देहाय बमोजिमको हुनेछः-

(क) मन्त्रालयको भूमिकाः

- कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यकता अनुसार नीतिगत मार्गदर्शन तथा समस्या समाधान गर्ने।
- कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार स्थानीय तहलाई प्राविधिक सहयोग तथा पृष्ठपोषण उपलब्ध गराउन सकिने।

(ख) स्थानीय तहको भूमिकाः

- स्थानीय तहले स्वीकृत कार्यक्रम अनुसार मापदण्ड/सूचकहरूको आधारमा अनुदानग्राही छनोट गर्ने, आवश्यकता अनुसार सम्झौता गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।
- प्राविधिक सहयोग, समन्वय, अनुगमन, मूल्याङ्कन गरी सम्बन्धित जिल्लाको मन्त्रालय मातहतका कार्यालयमा प्रगति प्रतिवेदन गर्ने।

(ग) अनुदानग्राही/लाभग्राहीको भूमिकाः

- अनुदानग्राही/लाभग्राहीले यस कार्यविधिको अधीनमा रही कार्यक्रमको कार्यान्वयन गर्नेछ।
- अनुदानग्राहीले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानून बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहित स्थानीय तहमा सम्झौता बमोजिमको समयसीमा भित्रै पेश गर्नुपर्नेछ।

४. भुक्तानी प्रक्रिया तथा लेखापरीक्षणः स्थानीय तहले कार्यक्रम सञ्चालन गर्दा मौजुदा आर्थिक कार्यविधि सम्बन्धी ऐन तथा प्रचलित सार्वजनिक खरिद कानूनको अधिनमा रही अनुदान सीमालाई आधार मानी भुक्तानी गर्नुपर्नेछ। वार्षिक रुपमा सञ्चालित कार्यक्रमको आन्तरिक र बाह्य लेखीपरीक्षण स्वयम् स्थानीय तहले तोकिएको समयावधीभित्र सम्पन्न गर्नुपर्नेछ।

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

सचिव

परिच्छेद -२

कार्यक्रम सञ्चालन विधि

५. कार्यक्रम सञ्चालन विधिः कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था/उपभोक्ता समिति/संघ संस्था/सहजकर्ता मार्फत सञ्चालन हुने देहायका कार्यक्रमहरुको हकमा स्थानीय तहले तोकेको ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ भने स्थानीय तह स्वयम् आफैले सञ्चालन गर्ने देहायका कार्यक्रमहरुको हकमा सूचना प्रकाशन आवश्यक पर्ने छैन। यसरी स्थानीय तहले तोकिएको क्षेत्रमा वा क्षेत्र छनोट गरी तपशिल बमोजिमका प्रत्येक कार्यक्रमहरुको संलग्न मापदण्ड, सञ्चालन गरिने क्रियाकलापहरू, अनुदान सीमा र विनियोजित बजेटलाई आधार मानी प्रचलित नियमानुसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। स्थानीय तहले कार्यक्रम छनोट र व्यवस्थापनका लागि आवश्यक समितिहरू गठन र आवश्यकता अनुसार मापदण्डहरूको विस्तृतीकरण गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ। नेपाल सरकार तथा प्रदेश सरकारका अन्य निकायका वार्षिक कार्यक्रम तथा अनुदानमा दोहोरो नपर्ने गरी कार्यान्वयन व्यवस्था मिलाउनु पर्नेछ।

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| १ | किसान सूचीकरण | • किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ (तथा संशोधन) बमोजिम तथ्याङ्क संकलनको कार्य सञ्चालन गर्नुपर्ने। | • किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ बमोजिम सम्बन्धित स्थानीय तहका कृषकहरुको खेती प्रणाली सम्बन्धी तथ्याङ्क संकलन गर्ने,<br>• स्थानीय तहका कृषकहरुको खेती प्रणाली सम्बन्धी तथ्याङ्कको अभिलेखीकरण गरी प्रतिवेदन तयार गर्नुपर्ने। | • सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७ (तथा संशोधन) बमोजिम गणक/सहजकर्ताले पाउने पारिश्रमिकमा खर्च गर्नुपर्ने। |
| २ | भैंसी प्रवर्द्धन कार्यक्रम | • समूह/सहकारी/फर्म/कम्पनी ले ३ वटा माउ भैंसी सहित ५ वटा भैंसी पालेको हुनुपर्ने।<br>• समूह/सहकारीको हकमा कम्तीमा २५ माउ भैंसी पालन गरेको हुनु पर्ने।<br>• पशुहरूको बीमा गर्ने अभ्यास भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने। | • गोठ निर्माण/सुधार,<br>• मेसिनरी औजार,<br>• उन्नत घाँस खेती,<br>• नश्लसुधार,<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • पूर्वाधार र नश्लसुधारमा ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>• फर्म/कम्पनीको हकमा प्रति आयोजना अधिकतम रु. २ लाख र समूह/सहकारी अधिकतम रू. ५ लाखसम्म अनुदान दिन सकिने। |
| ३ | बाखा प्रवर्द्धन कार्यक्रम/ | • फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने | • खोर निर्माण/सुधार, Dipping Tank खरिद/निर्माण तथा जडान, | • र्वाधार र नश्लसुधारमा ७५ प्रतिशत, |

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख



सचिव

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | • पहाडमा र तराइमा प्रति फर्म कम्तीमा ५ माउ बाख्रा कम्तीमा पालन गरेको हुनु पर्ने।<br>• समूह/सहकारीको हकमा कम्तीमा ५० माउ बाख्रा पालन गरेको हुनु पर्ने।<br>• पशुहरूको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने। | • मेसिनरी औजार,<br>• उन्नत घास खेती,<br>• नश्लसुधार,<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>• फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु. १ लाख र समूह/सहकारी अधिकतम रू. ५ लाखसम्म अनुदान दिन सकिने। |
| ४ | गोठ सुधार कार्यक्रम | • निजी उद्यमी/समूह/सहकारी मार्फत पशुको गोठ सुधार कार्यक्रम सञ्चालन गर्ने,<br>• प्रत्येक कृषकले न्यूनतम पहाडमा ३ वटा र तराइमा ५ वटा गाई/भैंसी पालन गरेको वा पालन गर्ने कार्ययोजना पेश गरेको हुनुपर्ने। | • गोठको भुई सुधार, दानापानी खुवाउने डुड निर्माण, छानो र मुत्र संकलन खाडल निर्माण। | अधिकतम ५० प्रतिशत अनुदान<br>• प्रति कृषक घरधुरी अधिकतम रु. १ लाख,<br>• प्रति समूह/सहकारी अधिकतम रु. १० लाख। |
| ५ | वंगुर प्रवर्द्धन कार्यक्रम | • फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने<br>• प्रति फर्म कम्तीमा ३ वटा माउ सहित ५ वटा बंगुर पालन गरेको हुनुपर्ने।<br>• समूह/सहकारीको हकमा कम्तीमा २० माउ वंगुरपालन गरेको हुनु पर्ने।<br>• पशुहरूको बीमा गर्ने अभ्यास भएका फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थालाई प्राथमिकता दिनुपर्ने। | • खोर निर्माण /सुधार,<br>• मेसिनरी औजार,<br>• पोषणयुक्त घाँस सहित आहारा,<br>• नश्लसुधार,<br>• औषधी/उपचार तथा खोप,<br>• जैविक सुरक्षा। | • पूर्वाधार र नश्लसुधारमा ७५ प्रतिशत,<br>• अन्य उत्पादन सामग्री र यन्त्र उपकरणमा ५० प्रतिशत,<br>• फर्म/कम्पनी प्रति आयोजना अधिकतम रु. १ लाख र समूह/सहकारी अधिकतम रू. ३ लाखसम्म अनुदान दिन सकिने। |
| ६ | दूध संकलन केन्द्र स्थापना/सुदृढीकरण तथा बजारीकरण | • साझेदारीमा दुग्ध संकलन तथा बजारिकरणमा संलग्न सहकारी/समूह/समिति/फर्म कम्पनी सहभागी हुन सक्ने,<br>• प्रस्तावकले दैनिक रूपमा पहाडमा कम्तीमा फर्म/कम्पनीको हकमा २०० लिटर र समूह/सहकारीको हकमा ५०० लिटर र तराईमा फर्म कम्पनीको हकमा | • दूध संकलन केन्द्र स्थापनाको लागि संरचना निर्माण,<br>• Stainless Steel मिल्क क्यान, मिल्क एनालाईजर, डिप फ्रिज, चिलिङ्ग भ्याट, प्रशोधन उपकरण, जेनेरेटर, आदिको खरिद। | • निजीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान,<br>• सहकारी/समूह/समिति हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान र बाँकी रहेको २५ प्रतिशत लागत साझेदारीमध्ये |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख    सचिव

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | ४०० लिटर र समूह/सहकारीको हकमा कम्तीमा १००० लिटर दूध संकलन र बजारीकरण गरिरहेको हुनुपर्ने। | | स्थानीय तहले अधिकतम १५ प्रतिशत लागत बेहोर्न सक्ने। |
| ७ | गौशाला व्यवस्थापन | • संस्थागत रूपमा स्थानीयस्तरमा सामुदायिक पशुहरूको उद्धार तथा संरक्षण गर्ने उद्देश्यले स्थापना/सञ्चालन भएका गौशालाले कम्तीमा 50 गाई/ गोरु पालेको वा पाल्ने योजना भएको हुनु पर्ने,<br>• स्थानीय तहबाट गौशाला स्थापना/सञ्चालन स्थानको भोकचलनको स्वीकृति प्राप्त भएको हुनुपर्ने,<br>• खानेपानी, चरन तथा घाँसखेतीको लागि पर्याप्त जमिन उपलब्ध हुनुपर्ने। | • गौशाला निर्माण तथा बारबन्देज,<br>• ट्रस, कम्पोष्ट पिट, दाना तथा घाँस/परालको स्टोर निर्माण,<br>• घाँस खेती र खानेपानीको व्यवस्थापन,<br>• प्राङ्गारिक मल सुधार, भर्मीकम्पोष्ट<br>• आकस्मिक पशु उपचारको व्यवस्थापन<br>• आहारा तथा हेरालु व्यवस्थापन<br>• अभिलेखीकरणका लागि ट्याग। | • नाफा मुलक निजी संघ संस्थाको हकमा कुल लागतको अधिकतम ८५ प्रतिशत अनुदान।<br>• स्थानीय तहको समन्वयमा गैर नाफा मूलक सामाजिक संघ संस्था, मन्दिर व्यवस्थापन, महन्त/जोगीहरूबाट सञ्चालितको हकमा शत प्रतिशत अनुदान।<br>• स्थानीय तहको लागत साझेदारीमा समेत सञ्चालन गर्न सकिने। कुल लागतको कम्तीमा १५ प्रतिशत स्थानीय तहको लागत साझेदारी हुनु पर्ने। |
| ८ | पशुपन्छी उपचार केन्द्रका लागि भवन निर्माण | • स्वीकृत डिपिआर (Detailed Project Report) बमोजिम पशुपन्छी उपचार केन्द्रका लागि भवन निर्माण गर्नुपर्ने। | • स्थानीय तहले पशुपन्छी उपचारका लागि आधारभूत प्रयोगशाला सहितको संरचना निर्माण गर्नुपर्ने,<br>• पशु स्वास्थ्य उपचारको लागि ट्रस भवन, ट्रस सेड निर्माण, ट्रेविजको निर्माण तथा अन्य अत्यावश्यक पूर्वाधार संरचना निर्माण गर्न सकिने। | • प्रदेश सरकारबाट प्राप्त अनुदान ७५ प्रतिशत र स्थानीय तहको २५ प्रतिशत लागत साझेदारीमा संरचना निर्माण कार्यक्रम सञ्चालन गर्नुपर्ने। |
| ९ | पशु वधशाला निर्माण/सुधार | • स्थानीय तहबाट स्वीकृत डिपिआर (Detailed Project Report) बमोजिम पशु वधशाला निर्माण/सुधारको कार्य सञ्चालन गर्नुपर्ने<br>• पशु वधशाला निर्माण/सुधार कार्यको शुरुवात पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय | • स्थानीय तहले वधशालाको संरचना निर्माण/सुधार कार्य सञ्चालन गर्नुपर्ने,<br>• संरचना निर्माण अन्तर्गत मासु काट्ने स्थल (slaughter house), पशु बाध्ने स्थल (holding center), मासु भण्डारण कक्ष | • प्रदेश सरकारबाट प्राप्त अनुदान ७५ प्रतिशत र स्थानीय तहको २५ प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्नुपर्ने। |

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

सचिव

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | परीक्षणको कार्य सञ्चालन गर्नुपर्ने।<br>• वधशाला निर्माण पश्चात सञ्चालनको दायित्व स्थानीय तहको रहनेछ। | (meat storage cold room), सेनिटरी कक्ष, फोहोर व्यवस्थापनका लागि सेप्टी टयांकी जडान, पानी व्यवस्थापनका लागि पानी वितरण प्रणाली जडान, पशु उपचार कक्ष, मासु बिक्री कक्ष लगायतका क्रियाकलापहरु सञ्चालन गर्न सकिने। | |
| १० | कोशेली घर स्थापना/सुधार | • फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• कोशेली घर स्थापना/सुधारका लागि मान्यता प्राप्त ईन्जिनियरिङ फर्म वा प्राविधिकबाट डिजाईन, लागत अनुमान र कार्य योजना तयार गरी प्रस्तावकले सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्ने।<br>• कार्यक्रम सञ्चालन हुने क्षेत्रमा सडक, नियमित विद्युत र खानेपानीको सुलभ पहुँच भएको हुनुपर्ने।<br>• गुणस्तर युक्त स्वदेशी उत्पादन तथा स्थानीय कृषि बस्तुहरुको आपूर्तिको लागि बढी आपूर्तिकर्ताहरुको सञ्जाल भएका कृषि उद्यमी/समूह/सहकारीलाई प्राथमिकता दिईने। | • भौतिक पूर्वाधार निर्माण कार्य र उपकरण सामग्रीहरु व्यवस्थापन लगायतका कार्यहरु सञ्चालन गर्ने,<br>• भौतिक पूर्वाधारमा अन्तर्गत डिस्प्ले कक्ष, कार्यालय कोठा, गोदाम घर लगायतका क्रियाकलाप सञ्चालन गर्न सकिने र उपकरण सामग्रीहरु अन्तर्गत ऱ्याक, पार्टिसन, दराज, रेफ्रिजिरेटर खरिद जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिने। | • समूह/सहकारीको हकमा भौतिक पूर्वाधार निर्माण कार्य तर्फ अधिकतम ७५ प्रतिशत अनुदान रकम र उपकरण सामग्रीहरु खरिदमा अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउन सकिने<br>• निजीको हकमा भौतिक पूर्वाधार निर्माण कार्य र उपकरण सामग्रीहरु खरिदमा तर्फ अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउन सकिने। |
| ११ | बीउ भण्डार गृह स्थापना/स्रोत बीउ उत्पादकलाई पूर्वाधार निर्माणमा सहयोग/बीउ प्रशोधनका लागि पूर्वाधार सहयोग | • व्यावसायिक रूपमा बीउ उत्पादन, संकलन प्रशोधन , तथा सामूहिक बजारीकरण भई रहेको उपयुक्त फर्म/कम्पनी/कृषक समूह/सहकारी पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• खाद्यान्न बालीको वार्षिक न्यूनतम १०० मे टन स्रोत बीउ उत्पादनमा संलग्न रहेको हुनुपर्ने,<br>• पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा संस्थाको स्वामित्वमा रहेको वा सम्बन्धित स्थानीय तहले कम्तीमा १५ वर्षका लागि भोकचलनको स्वीकृति दिएको हुनुपर्नेछ। | • बीउ भण्डारण/प्रशोधनका लागि प्राविधिक रूपमा उपयुक्त संरचना (गोदाम) निर्माण र सम्बन्धित अन्य संरचना निर्माण,<br>• नियमित रूपमा बीउ बिजन कारोवारको तथ्याङ्क रिपोटिङ्ग गर्नुपर्ने। | • समूह/सहकारीको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र निजीको हकमा कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान उपलब्ध गराइने।<br>• सम्बन्धित स्थानीय तहले समेत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्ने।<br>• फर्म/कम्पनी/कृषक समूह/सहकारी समेत साझेदार रहेको हकमा |

कृषि अर्थविज्ञ    महाशाखा प्रमुख    सचिव



लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ... उपत्यका (देउखुरी)
मन्त्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | • निर्माण भए पश्चात वीउ भण्डार वा प्रशोधन पूर्वाधार सञ्चालन स्थानीय तहको दायित्व रहनेछ। | | लागत साझेदारी सुनिश्चितता गर्नुपर्ने। |
| १२ | नयाँ पोखरी निर्माण कार्यक्रम | • स्थायी पानीको श्रोत व्यवस्था भएको हुनु पर्ने,<br>• तराईको हकमा कम्तीमा ३ कठ्ठा र पहाडी क्षेत्रमा १ रोपनी भन्दा बढी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नुपर्ने,<br>• जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा जग्गा भाडामा लिएको भए १० वर्षको करार सम्झौता हुनु पर्ने,<br>• पोखरीको गहिराइ कम्तीमा १.२ मिटर हुनुपर्ने। | • स्थानीय तहले उपलब्ध गराएको ले-आउट तथा डिजाईन अनुसार आवेदकले नयाँ पोखरी निर्माण गर्नु पर्ने। | • अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर जलाशय अधिकतम रु. ५ लाख (पहाडी जिल्लाको हकमा रु. ७ लाख ५० हजार) मध्ये जुन कम हुन आउँछ। |
| १३ | पुरानो पोखरी मर्मत संभार | • कम्तीमा ५ कठ्ठा भन्दा माथि जलाशय क्षेत्रफल भएका पोखरीहरूको मर्मत सम्भार गर्न सकिने,<br>• पानीको आपूर्ति सहज भएको र माछा पालन गरिरहेको उपयुक्त पोखरी हुनु पर्ने,<br>• मर्मत संभार गरिएको पोखरीको गहिराइ कम्तीमा १.५ मिटर हुनुपर्ने,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहितको पोखरी मर्मत सम्भार गर्न चाहेमा पोखरीको सलामी, डिल र गहिराइ प्राविधिक रूपमा उचित कायम गर्नु पर्ने। | • पोखरी मर्मत संभार,<br>• बहुपत्रे प्लास्टिक शीटको लाइनिङ खरिद तथा व्यवस्थापन,<br>• नापजाँच अनुगमन र प्रतिवेदन। | • प्रति हेक्टर जलाशयमा पोखरी मर्मत सम्भारको लागि लागत खर्चको ५० प्रतिशत वा अधिकतम रु. २ लाख मध्ये जुन कम हुन आउँछ।<br>• डिलमा २०० **Gram Square Meter (GSM)** को बहुपत्रे प्लास्टिक शीटको लाइनिङ सहित पोखरी मर्मत सम्भारको लागि कुल लागत खर्चको ५० प्रतिशत वा अधिकतम रु. ५ लाख अनुदान। |
| १४ | हाँसपालन प्रवर्द्धनका लागि चल्ला वितरण | • कृषक/फर्म/कम्पनी/कृषक समूह/समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• कम्तिमा २०० वटा माउँ हासपालन गर्ने योजना भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/समिति/सहकारी हुनुपर्ने,<br>• हासपालन व्यवसायमा संलग्न कृषक/फर्म/कम्पनी/कृषक | • हाँसको चल्ला खरिद। | • स्थानीय तहले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान। |



कृषि अर्थविज्ञ   महाशाखा प्रमुख   सचिव

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | समूह/समिति/सहकारीलाई प्राथमिकता दिइने। | | |
| १५ | साना सिंचाइ कार्यक्रम/सिंचाइ सामग्री वितरण तथा पूर्वाधार सहयोग | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• निजीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | • पूर्वाधार (सिंचाइ कुलो, पोखरी, सोलार सिंचाई, लिफ्ट सिंचाई, थोपा सिंचाइको फिल्टर सेट, बोरिङ्ग) निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, पाइप आदी) को हकमा अधिकतम ५० प्रतिशत,<br>• समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु २ लाख अनुदान। |
| १६ | पशु हाट बजार स्थापना/सुधार | • उपयुक्त स्थानमा समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• स्थानीय तह आफैले पनि पूर्वाधार निर्माण गर्न सक्ने,<br>• नियमित रुपमा पशु हाट बजार सञ्चालन भएको हुनुपर्ने,<br>• निर्माण भएको पशु हाट बजारको सञ्चालनको दायित्व स्थानीय तहको रहनेछ। | • हाट बजार सम्बन्धी सूचना संकलन, मूल्य सूची प्रकाशन,<br>• पूर्वाधार निर्माण तथा सुधार,<br>• बजार व्यवस्थापन र सरसफाई कार्यहरू,<br>• रेकर्ड डिजिटलाइज्ड गर्ने उपकरण र सामग्रीहरू खरिद र प्रयोग,<br>• कारोबारको अभिलेखीकरण। | • समिति/सहकारीको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत,<br>• स्थानीय तह आफैले सञ्चालन गर्ने हकमा शत प्रतिशत। |
| १७ | तरकारी, फलफूल /सुन्तलाजात फलफूल/ आलु/ मसला बाली (वेसार लगायत)/च्याउ/ मकै प्रवर्द्धन कार्यक्रम | • स्थानीय तहले कार्यक्रममा क्षेत्र तोकिएको भए तोकिएको क्षेत्रमा र नतोकिएको भए तोकिएको बाली/वस्तुका लागि न्यूनतम क्षेत्रफल तथा अन्य मापदण्ड तोकी उपयुक्त स्थान पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने, | • बीउ, बेर्ना, बिरुवा खरिद,<br>• बगैंचा सुदृढीकरण,<br>• प्राङ्गारिक मल, सुक्ष्म तत्वहरू, आदि खरिद,<br>• सिंचाईसँग सम्बन्धित यन्त्र उपकरण वा पूर्वाधार निर्माण,<br>• उत्पादन तथा प्रशोधन सहयोगी यन्त्र/उपकरण खरिद, | • बीउ, बेर्ना तथा बिरूवा, यन्त्र, उपकरण तथा उत्पादन सामग्री र निजी पूर्वाधार निर्माणमा अधिकतम ५० प्रतिशत,<br>• सामुहिक पूर्वाधार निर्माणमा अधिकतम ७५ प्रतिशत,<br>• देहायबमोजिम प्रति हेक्टर |

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

कृषि अर्थविज्ञ



महाशाखा प्रमुख

सचिव

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | • कार्ययोजनामा बीउ र बिरुवा खरिद क्रियाकलाप अनिवार्य समावेश गर्नुपर्ने। | • भण्डारण वा शीत भण्डारमा लाग्ने शुल्कमा सहयोग(वीउ आलुको हकमा),<br>• बजारीकरण (क्रेट, बोरा, प्याकेजिङ्ग सामग्री, उपकरण, लेवलिङ्ग लगायत) सहयोग,<br>• तरकारी बालीको हकमा प्लाष्टिक टनेल निर्माण,<br>• च्याउको टहरा निर्माण। | अधिकतम अनुदान रकम खर्च गर्न सकिने<br>बाली/वस्तु — रकम रू.<br>तरकारी, बेसार, फलफूल, सुन्तलाजात — १ लाख<br>मकै — ५० हजार<br>आलु — ५० हजार<br>च्याउ (१०० के.जी. बीउ प्रयोग) र टहरा निर्माण — १ लाख |
| १८ | रैथाने बाली प्रवर्द्धन तथा वजारीकरण कार्यक्रम | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाले एकल वा सामूहिक रूपमा कम्तीमा १ रोपनी जग्गामा खेती गर्नुपर्ने,<br>• कलष्टरमा कम्तीमा १० कृषकहरूलाई समावेश गरी स्थानीय तहको प्राविधिक सहयोगमा सञ्चालन गर्नुपर्ने,<br>• बजारीकरणका लागि स्थानीय तहले समन्वय गर्नुपर्ने। | • बीउ, प्राङ्गारिक मल, शुक्ष्मतत्व,<br>• सिंचाई,<br>• प्रशोधन गर्ने औजार/उपकरण<br>• ग्रेडिङ्ग, लेवलिङ्ग, प्याकेजिङ्ग तथा बजारीकरणमा सहयोग<br>• क्षमता अभिवृद्धि तथा प्रचार प्रसार। | • सम्बन्धित स्थानीय तहले लागत अनुमान स्वीकृत गरी वस्तुगत सहयोग उपलब्ध गराउने। |
| १९ | हाइ डेन्सिटी स्याउ प्रवर्द्धन कार्यक्रम | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था सहभागी हुन सक्ने,<br>• देहाय बमोजिमको मापदण्ड अनुसार cluster approach मा क्षेत्रफल विस्तार गर्नुपर्ने,<br>• प्रति क्लष्टर १ हेक्टर क्षेत्रफल हुनुपर्ने। | • बिरुवा तथा अन्य उत्पादन सामग्री सहयोग,<br>• क्षमता अभिवृद्धि.<br>• प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सेवा, प्रशोधन तथा बजारीकरण सहजीकरण,<br>• खाडल तयारी। | • स्थानीय तहले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• बिरुवा खरिद गरी शत प्रतिशत र स्याउ स्टेकिङ्गमा लागतको ५० प्रतिशत सहयोग उपलब्ध गराउन सक्ने, प्रति खाडल (कम्तीमा ३*३*३ घन फुट) का लागि रू.१०० का दरले खर्च गर्न सकिने र बाँकी रकम |

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
...व्यवस्था तथा सहकारी मन्त्रालय
...यत्यका (देउखुरी), नेपाल
कृषि अर्थविज्ञ
महाशाखा प्रमुख
सचिव

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | | आवश्यकताका आधारमा प्रति हेक्टर अधिकतम रू. पाँच हजार अन्य उत्पादन सामग्रीका लागि खर्च गर्न सकिनेछ।<br>• क्षमता विकास/बजारीकरण समन्वयमा अधिकतम रु. १ लाख खर्च गर्न सकिनेछ।<br>• प्रति हेक्टर अधिकतम. ४० लाख खर्च गर्न सकिने। |
| २० | कृषि उद्यमशीलता कार्यक्रम· | • स्थानीय तहले ग्रामीण विकास सहजकर्ता मार्फत कृषि उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• ग्रामीण विकास सहजकर्ताको छनोट सम्बन्धित स्थानीय तहले आफै मापदण्ड बनाई गर्न सक्नेछ। | • स्थानीय तहले उपयुक्त क्षेत्र र कृषक घरधुरी छनोट गरी उपयुक्त वाली/वस्तुको व्यावसायिक योजना तयार गर्नुपर्ने<br>• व्यावसायिक योजना तयार भएको वाली/वस्तुको उत्पादन देखि बजारीकरणसम्मका क्रियाकलाप सञ्चालन गर्न सकिने<br>• ग्रामीण विकास सहजकर्ता र कृषकहरुको लागि क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न सकिने<br>• व्यावसायिक कृषि सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न सकिने। | • स्थानीय तहले गर्ने लागत साझेदारी र प्रदेश सरकारबाट प्राप्त अनुदानलाई आधार मानी कार्यक्रमको लागत अनुमान र कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्न सकिने। |
| २१ | प्राङ्गारिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | • कम्तीमा १५ घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने। | • प्राङ्गारिक खेती उत्पादनका क्रियाकलापहरु;<br>• भकारो सुधार, कम्पोष्ट मल, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन,<br>• वीउ, बेर्ना, सिँचाई लगायतका अन्य क्रियाकलाप। | • वीउ, बेर्ना, यन्त्र उपकरण तथा अन्य सामग्रीमा अधिकतम ५० प्रतिशत, |
| २२ | मौरी प्रवर्धन कार्यक्रम | • मौरी व्यवसाय सम्बन्धी उद्देश्य राखी दर्ता भएको कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था | • आधार चाका, सुपर सहितको मौरी घार, प्याकेजिङ्ग, लेबलिङ्ग र प्रशोधन उपकरण | • प्रति अनुदानग्राही कुल लागतको अधिकतम ५० प्रतिशत वा |

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

कृषि अर्थविज्ञ

१०

महाशाखा प्रमुख

सचिव

...प्रदेश सरकार ...था तथा सहकारी मन्त्रालय ...का (देउखुरी), नेपाल

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• कम्तीमा २० घार मौरी पालन गरेको र कम्तीमा २० प्रतिशत गोला थप गर्न सक्ने प्रस्तावलाई प्राथमिकता दिन सकिने। | (मह, कुट र मैन) तथा अन्य आवश्यक उपकरण खरिद,<br>• उन्नत रानु खरिद, रानु उत्पादन, रोयल जेली उत्पादन, मौरी विष उत्पादन, प्रोपोलिस, मैन उत्पादन तथा विविधिकरण,<br>• मौरी पालन सम्बन्धी यन्त्र तथा उपकरण खरिद,<br>• मौरी चरन क्षेत्र विस्तार,<br>• मह प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण सम्बन्धी कार्य। | अधिकतम रु. १ लाख अनुदान। |
| २३ | कृषि यान्त्रिकीकरण कार्यक्रम/साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• स्थानीय तहबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारीले खरिद गर्नुपर्ने। | • यन्त्र उपकरण खरिद,<br>• वितरणको अभिलेख राख्ने। | • अधिकतम ५० प्रतिशत अनुदान वा प्रति अनुदानग्राही रू. ५० हजार। |
| २४ | तरकारी/फलफूल नर्सरी स्थापना र सुदृढीकरण | • बिरुवा, बेर्ना उत्पादन, नर्सरी सञ्चालन गर्ने उद्देश्य सहित दर्ता भएको, कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था संस्था वा नर्सरी हुनुपर्ने,<br>• फलफूल, पुष्प बिरुवा तथा तरकारी बेर्ना उत्पादनमा अनुभवी प्रस्तावकलाई प्राथमिकता दिने,<br>• फलफूल माउबोट तथा बिरुवा उत्पादन गर्न कम्तीमा १ बिघा जग्गा आफ्नै स्वामित्वमा रहेको वा १० वर्षका लागि भाडामा लिएको सम्झौता हुनुपर्ने। | • माउ बोट, रूटस्टक, सायन, बीउ तथा बेर्ना खरिद तथा उत्पादन,<br>• सिंचाईसँग सम्बन्धित यन्त्र उपकरण वा पूर्वाधार, नर्सरी सेड/नेट, स्क्रीन हाउस निर्माण,<br>• औजार/उपकरण (स्प्रेयर, प्रुनर, बडिङ्ग/ग्राफ्टिङ चक्कु) आदि खरिद,<br>• प्राङ्गारिक मल, पोलीपट, नर्सरी ट्रे आदि खरिद,<br>• बजारीकरण (प्याकेजिङ्ग सामग्री, उपकरण, लेवलिङ्ग लगायत) सहयोग,<br>• बिरुवा तथा बेर्ना उत्पादन तथा | • बजेटको परिधिभित्र रही कुल लागतको पूर्वाधार तर्फ अधिकतम ७५ प्रतिशत र उत्पादन सामग्री/यन्त्र उपकरण तर्फ अधिकतम ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिने।<br>• |



कृषि अर्थविज्ञ    महाशाखा प्रमुख    सचिव

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

| क्र.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | बेचविखनको रेकर्ड राख्नुपर्ने। | |
| २५ | कृषि तथा पशु विकासमा आधारित साना किसान र युवा उद्यमशीलता प्रदेश र स्थानीय तह साझेदारी कार्यक्रम | • स्थानीय तहले गैर सरकारी संस्था, फर्म, कम्पनीको समन्वयमा कृषि तथा पशु विकासमा आधारित उत्पादन, प्रशोधन तथा वजारीकरण सम्बन्धी विभिन्न क्रियाकलापहरु र परियोजना क्षेत्र छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,<br>• गैर सरकारी संस्था, फर्म, कम्पनी आदिले वाली/वस्तुको क्रियाकलाप र सञ्चालन हुने क्षेत्र छनोट पश्चात आशय पत्र पेश गर्न सक्नेछन् ,<br>• स्थानीय तहमा प्राप्त आशय पत्रको मापदण्ड बनाई उपयुक्त गैर सरकारी संस्था/फर्म/कम्पनी छनोट गर्नुपर्नेछ,<br>• स्थानीय तहले स्वीकृत गरेको कार्ययोजनामा संलग्न हुने साझेदारहरुको भूमिका र साझेदारी स्पष्ट खुलाउनुपर्ने,<br>• गैर सरकारी संस्था/फर्म/कम्पनीले स्वीकृत भएको कार्ययोजना बमोजिमको वाली/वस्तुको उत्पादन/प्रशोधन/बजारीकरणको क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ,<br>• कार्यक्रम सञ्चालनको क्रममा अनुगमन तथा पृष्ठपोषणका लागि मन्त्रालय मातहतका कार्यालयबाट अनुगमन गर्न सकिने,<br>• स्थानीय तहबाट उक्त कार्यक्रम निरन्तर रुपमा सञ्चालन भइरहेको हकमा छनोट भएको क्षेत्र र वाली/वस्तुमा प्रशोधन/बजारीकरणका क्रियाकलापहरु सञ्चालन गर्न सकिने,<br>• कार्यक्रमबाट निर्माण भएका भौतिक पूर्वाधार र वितरण भएका उपकरण सामग्रीहरुमा प्रदेश सरकार, | • गैर सरकारी संस्था/फर्म/कम्पनी आदिले आशय पत्र पेश गर्नु पर्नेछ,<br>• स्थानीय तहमा प्राप्त आशय पत्र बमोजिम उपयुक्त गैर सरकारी संस्था/फर्म/कम्पनी छनोट तथा कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। | • स्थानीय तहले स्वीकृत गरेको कार्ययोजना बमोजिमको कार्यक्रमको बजेटलाई शतप्रतिशत मानी प्रदेश सरकारबाट प्राप्त अनुदानलाई ३५ प्रतिशत, स्वयम् स्थानीय तहको साझेदारी ३५ प्रतिशत र छनोट भएको गैर सरकारी संस्था/फर्म/कम्पनीको साझेदारी ३० प्रतिशत मानी कार्यक्रम साझेदारीमा सञ्चालन गर्नुपर्नेछ।<br>• स्थानीय तहबाट उक्त कार्यक्रम निरन्तर रुपमा सञ्चालन भइरहेको हकमा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय तहले गैरसरकारी संस्था/फर्म/कम्पनीसँग गरिरहेको लागत साझेदारीमा थप गर्न सकिने। |

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

नम्रता सिंह
सचिव

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | स्थानीय तह र गैर सरकारी संस्था/फर्म/कम्पनीको आर्थिक वर्ष सहितको नाम उल्लेख गरेको हुनुपर्ने,<br>• गैर सरकारी/संस्था/फर्म/कम्पनी कम्तीमा पनि ५ वर्षको समान प्रकृतिको कार्य अनुभव भएको हुनुपर्ने,<br>• कार्यक्रम सञ्चालन ढाँचाको नीतिगत रुपमा पृष्ठपोषणका लागि मन्त्रालय र मन्त्रालय मातहतको निर्देशनालय संलग्नतामा सल्लाहाकार समिति गठन गर्नुपर्ने। | | |
| २६ | कृषि उपज भण्डार/बजार पूर्वाधार निर्माण/स्तरोन्नति/सुधार (थोक बजार, हाट बजार, संकलन केन्द्र) | • कृषक समूह/सहकारी/बजार समिति सहभागी हुन सक्ने,<br>• स्थायी संरचनाको हकमा प्रस्तावकको नाममा र अस्थायी संरचनाको हकमा सञ्चालनमा रहेका हाटबजारमा स्थानीय तहको सिफारिस भएको जग्गा हुनुपर्ने,<br>• स्थानीय तहको समन्वयमा सञ्चालन गर्न सकिने। | • कृषि बजार पूर्वाधार निर्माण/सुधार/स्तरोन्नति। | • कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान।<br>• स्थानीय तहले<br>• सम्बन्धित स्थानीय तहले समेत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्ने।<br>• कृषक समूह/सहकारी/बजार समिति समेत साझेदार रहेको हकमा लागत साझेदारी सुनिश्चितता गर्नुपर्ने। |
| २७ | शीत भण्डार व्यवस्थापन तथा सञ्चालन | • नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको सहयोगमा निर्मित शीत भण्डार फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाले शीत भण्डार सञ्चालनार्थ आवश्यक सामग्री/मेसिनरी/उपकरणको सूची सहित लागत अनुमान पेश गर्नुपर्ने र सम्बन्धित स्थानीय तहबाट उक्त लागत अनुमान स्वीकृत गरिनुपर्ने | • निर्मित शीत भण्डारको संरचनागत सुधार<br>• शीत भण्डार सञ्चालनार्थ आवश्यक मेसिनरी/यन्त्र उपकरण/सामग्री खरिद गर्न सकिने,<br>• शीत भण्डार सञ्चालन सम्बन्धमा क्षमता अभिवृद्धिका कार्यक्रमहरु। | • स्थानीय तहले स्वीकृत गरेको लागत अनुमान बमोजिम सहकारीको हकमा कूल लागतको ७५ प्रतिशत र निजीको हकमा कूल लागतको ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउने र क्षमता अभिवद्धिको हकमा शत प्रतिशत अनुदान उपलब्ध गराउने। कूल लागतको बढीमा १५ प्रतिशत रकम क्षमता |

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

कृषि अर्थविज्ञ



महाशाखा प्रमुख

सचिव

| क.सं. | कार्यक्रम | मापदण्ड | क्रियाकलापहरू | अनुदान सीमा |
|---|---|---|---|---|
| | | | | अभिवृद्धिमा खर्च गर्न सकिने। |
| २८ | किवी प्रवर्द्धन कार्यक्रम | • सम्बन्धित निकायमा दर्ता भएको कृषक समूह/कृषि सहकारी/संस्था हुनुपर्ने।<br>• आधुनिक प्रविधि सहितको नमुना बगैंचा स्थापना हुनुपर्ने,<br>• न्यूनतम ५ रोपनी क्षेत्रफलमा बगैंचा स्थापना भएको हुनुपर्ने। | • उत्पादन सामाग्री (विरुवा ढुवानी सहित, सुक्ष्मतत्व, तथा उपकरण (स्प्रेयर, करौंती, सिकेचर, आदि),<br>• पोल, थाक्रा र तार,<br>• खाडल खन्ने उपकरण (डिगर)<br>• सिंचाई पूर्वाधार (प्लाष्टिक पोखरी, ड्रिप सेट, पाइप, पानी तान्ने पम्प, आदि)। | • विरुवामा ५० प्रतिशत अनुदान<br>• पोल तथा तारमा ७५ प्रतिशत अनुदान<br>• अन्य उत्पादन सामाग्री तथा उपकरणमा ५० प्रतिशत अनुदान<br>• सिंचाई पूर्वाधारमा ७५ प्रतिशत |
| २९ | वीउ आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | • वीउ उत्पादनमा संलग्न फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>• कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्ने:<br>• आलु वीउ (पि.वि.एस.) १००० दाना,<br>• आलु वीउ (अन्य स्तर) १ हेक्टर,<br>• एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने,<br>• सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | • उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल, गैर रासायनिक विषादी, सुक्ष्म तत्व खरिद,<br>• प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद। | • आलु (पि वि एस प्रति १०० दाना) बाट बीउ उत्पादनका रू. २५००/-<br>• अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु. ५०००/- अनुदान रकम उपलब्ध गराइने। |
| ३० | प्राङ्गारिक मल उत्पादन कार्यक्रम | • प्राङ्गारिक मल उत्पादन गर्ने फर्म/कम्पनी/कृषक समूह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने। | • प्राङ्गारिक मल उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी क्रियाकलापहरू । | • फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत<br>• समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |

लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

कृषि अर्थविज्ञ

महाशाखा प्रमुख

सचिव

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

०८१।०६।०६

मन्त्री
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## परिच्छेद-३
## विविध

६. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले अनुगमन गर्न गर्नेछ।

(२) मन्त्रालय र मातहतका कार्यालयले आवश्यकता अनुसार अनुगमन गरी पृष्ठपोषण गर्न सक्नेछ।

(३) सम्बन्धित स्थानीयतहले कार्यक्रमको प्रगति विवरण वार्षिक रूपमा सार्वजनिक गरी मन्त्रालयमा बुझाउन पर्नेछ।

७. **जवाफदेहिता तथा जिम्मेवारीः** (१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पूर्ण सदुपयोग एवं उपलब्धी लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कार्यालयले आवश्यक ठानेमा आचारसंहिता बनाई लागु गराउन सक्नेछ।

८. **सूचना सम्प्रेषणः** लक्षित वर्ग समूहको पहुँचमा सूचना प्रवाह हुनेगरी सम्भव भएसम्म सबै किसिमका मिडिया प्रयोग गरी स्थानीय तहले सूचना प्रवाह गर्नु पर्नेछ।

९. **सार्वजनिक सेवा सुविधा वञ्चित गर्न सकिनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकम दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा स्थानीयतहले प्रचलित कानूनले तोकेको सार्वजनिक सेवा प्रदान गर्ने निकाय समक्ष सार्वजनिक सेवा सुविधाबाट वञ्चित गर्न लेखी पठाउन सकिनेछ।

१०. **संशोधनः** मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

११. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

१२. **खारेजी र बचाउः** (१) "स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" खारेज गरिएको छ।

कृषि अर्थविद्

महाशाखा प्रमुख

सचिव